सिम्रौनगढ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा

२ नं प्रदेश, नेपाल

## माछा पोखरी शिलबन्दीबोलपत्रअव्हानको सूचना

प्रथम पटक प्रकाशितमिति : २०७६।०३।१३

यस नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने निम्न अनुसारका माछा पोखरीहरुलाई ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट अफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र मूल्यअभिवृधि कर दर्ता प्रमाण पत्र तथा करचुक्ता प्रमाण पत्र,उक्त कार्य गर्न योग्य भएको स्व. घोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही स्थानीय सरकार संचालन ऐन २०७४ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ एवं अन्य प्रचलित कानून बमोजिम शिलबन्दी बोल पत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | पोखरीको विवरण | न्यून्तम ठेक्काअंक | बोलपत्रफारम दस्तुर ( पछि फिर्ता नहुने) | ठेक्काअवधि |
|---|---|---|---|---|
| पो.१/२०७५/०७६ | जारलहीया माछा पोखरी अमृतगँज वार्ड नं. ३ कि.नं.१६ ज.वि.०-१०-० | ४,४०,०००।- अ.रु. चार लाख चालिस हजार | १०००।- | |
| पो.२/२०७५/०७६ | सामुदायिक माछा पोखरी अमृतगँज वार्ड नं. ३ कि.नं.०५ ज.वि.०-१०-० | ३,३०,०००।- अ.रु. तिन लाख तिस हजार | १०००।- | |
| पो.३/२०७५/०७६ | करनासा माछा पोखरी अमृतगँज वार्ड नं. २ कि.नं.१४९ ज.वि.०-१६-० | ५,००,०००।- अ.रु. पाँच लाख | १०००।- | |
| पो.४/२०७५/०७६ | सोल्हवा माछा पोखरी अमृतगँज वार्ड नं. २ कि.नं.३७०,३७१ ज.वि.१-५-० | १२,००,०००।- अ.रु. बारह लाख | १०००।- | |
| पो.५/२०७५/०७६ | लोहरैया माछा पोखरी हरिहरपुर वार्ड नं. १ कि.नं.२२९ ज.वि.०-८-० | २,५०,०००।- अ.रु.दुई लाख पच्चास हजार | १०००।- | ठेक्का सम्झौताभएको मिति देखि ५ बर्ष सम्म |
| पो.६/२०७५/०७६ | रजवाडा माछा पोखरी हरिहरपुर वार्ड नं. ४ कि.नं.३९ ज.वि.३-१३-० | ३५,००,०००।- अ.रु.पैतिस लाख | ३०००।- | |
| पो.७/२०७५/०७६ | महन्थवा माछा पोखरी उचिडिह वार्ड नं.१ कि.नं. १९७ ज.वि.२-११-१० | ४०,००,०००।- अ.रु.चालिस लाख | ३०००।- | |
| पो.८/२०७५/०७६ | पैजनिया माछा पोखरी उचिडिह वार्ड नं.१ कि.नं. ३३७ ज.वि.२-०-० | २०,००,०००।- अ.रु.बिस लाख | ३०००।- | |
| पो.९/२०७५/०७६ | इमलहिया माछा पोखरी उचिडिह वार्ड नं.२ कि.नं. ४०८ ज.वि.१-०२-१० | १०,००,०००।- अ.रु.दश लाख | १०००।- | |
| पो.१०/२०७५/०७६ | सवैया माछा पोखरी उचिडिह वार्ड नं.२ कि.नं. ५७७ ज.वि.१-१६-१५ | १८,००,०००।- अ.रु.अठारह लाख | १०००।- | |

| | | | | |
|---|---|---|---|---|
| पो.११/२०७५/०७६ | धोबिनिया माछा पोखरी उचिडिह वार्ड नं.२ कि.नं. १९३ ज.वि.१-०९-१ | १५,००,०००।- अ.रु. पन्द्रह लाख | १०००।- | |
| पो.१२/२०७५/०७६ | सतुआही माछा पोखरी गोलागँज वार्ड नं.१ कि.नं.१४९ ज.वि.३-०५-१ | ३५,००,०००।- अ.रु.पैतिस लाख | ३०००।- | |
| पो.१३/२०७५/०७६ | खरसलवा माछा पोखरी गोलागँज वार्ड नं.२ कि.नं.२२३,२२४ ज.वि.०-१२-१० | २,५०,०००।- अ.रु.दुई लाख पच्चास हजार | १०००।- | |
| पो.१४/२०७५/०७६ | डबरी माछा पोखरी कचोर्वा वार्ड नं.१ कि.नं.४६१ ज.वि.०-१२-० | २,५०,०००।- अ.रु.दुई लाख पच्चास हजार | १०००।- | |
| पो.१५/२०७५/०७६ | झरोखर माछा पोखरी कचोर्वा वार्ड नं.९ कि.नं.९४३ ज.वि.२८-१०-० | १,३५,००,०००।- अ.रु. एक करोड पैतिस लाख | ३०००।- | |
| पो.१६/२०७५/०७६ | देवापुर माछा पोखरी देवापुर वार्ड नं. ५ कि.नं.४९ ज.वि.४-८-५ | ४०,००,०००।- अ.रु.चालिस लाख | ३०००।- | |
| पो.१७/२०७५/०७६ | डबरी माछा पोखरी देवापुर वार्ड नं. १ कि.नं.ज.वि.१-०-० | ५,००,०००।- अ.रु. पाँच लाख | १०००।- | |

**शर्तहरुः**

१. बोलपत्र फरम फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ तथा संघ संस्थावा ठेकदारको हकमानवीकरण भएको व्यवसायइजाजत पत्र, आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रतथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा ३० दिन कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फरम खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ । समय भित्र प्राप्तशिल बन्दी दरभाउपत्रहरु, दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फरम साथ ठेक्काको लागि आफुले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको जनता बैंक सिम्रौनगढमा रहेको १००००९०५७०८२१०३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर टेण्डर फारम संगै संग्न राखी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फरम मा दररेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्यहुनेछ ।

५. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर,मूल्यअभिबृधि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरीनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः सूचना अव्हानगर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. नियमानुसार ठेक्का स्वीकृत भै बुझाउनु पर्ने कबोल अंक रकम एक मुष्ठ दाखिला गरेमा बढीमा १०% ले हुने रकम छुट दिई सम्झौता गरी स्थायी चलनपूर्जी पटा दिइने छ ।

७. ठेकदारले आफूले कबोल गरेको कुल रकम ५ किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ताको रुपमा आफूले कबोल गरेको कुल ठेक्का रकमको २०% रकम सम्झौता गर्ने  समयमा नै बुझाउनु पर्नेछ । त्यस पछिको रकमलाई बराबर भागलागाई चार किस्तामा बुझाउनु पर्नेछ । सो तिनकिस्ताको पहिलो किस्ता रकम २०७७ साल असोज मसान्त भित्र, दोश्रो किस्ता बापतको रकम २०७८ साल अषाढ मसान्तभित्र, तेश्रो किस्ता बापतको रकम २०७९ अषाढ मसान्त र अन्तिम किस्ता बापतको रकम धरैटी रकम मिन्हा हुने गरी २०८० अषाढ मसन्त भित्र बुझाउनु पर्ने छ ।

८. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको यस कार्यालयको नाउँमा ठेकदारको तर्फ बाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरे पछि ठेक्का सम्झौता गरी चलनपुर्जी दिनेछ ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको बिबादको स्थिती स्वीकार्य हुने छैन । ठेक्का सम्बन्धमा कुनै किसिमको बिबादको स्थिती सृजना भएमा वा यस कार्यालय तथा ठेकदार बिच कुनै बिबाद उत्पन्न भएमा प्रचलित कानुन ऐन नियमको परिधिभित्र रही यस न.पा. को निर्णय अन्तिमहुनेछ ।

१०. पोखरी प्रयोग गर्दा सार्वजनिक, व्यक्तिगत सम्पतीको हानी नोक्सानी गर्न पाईने छैन । साथै केही बहुमूल्य बस्तू फेला परेमा नेपाल सरकारको हुनेछ । माछा पालनगर्दा पोखरीको भैतिक संरचना बिगार्न पाइने छैन ।

११. सम्मानितअदालत ,नेपाल सरकार ,न.पा.को निति निर्देशन तथा आदेशको पालना गर्नु गराउन र लागु गर्नु ठेकदारको कर्तव्य एवं दायित्व हुनेछ । निति निर्देशन  वा आदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानीनोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले न.पा. संग गर्न पाउने छैन ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित  कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत